आज मिति २०७८/०९/१५ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७५ औ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी..........................नगर प्रमुख
श्री कमला बस्नेत .............................नगर उप प्रमुख
श्री मान बहादुर खड्का......................प्रमुख प्रसासकिय अधिकृत
श्री बिर बहादुर थामी ........................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ........................ वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ......... ....वडा अध्यक्ष भी.न.पा. ३
श्री हरिवंश चौलागाई .................. ... वडा अध्यक्ष भी.न.पा. ४
श्री रामचन्द्र बस्नेत ................ .... वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा .....................वडा अध्यक्ष भी.न.पा. ६
श्री कैलाश कुमार श्रेष्ठ ............... ....वडा अध्यक्ष भी.न.पा. ७
श्री नकुल के.सी. ............................वडा अध्यक्ष भी.न.पा. ८
श्री चित्र बहादुर भुजेल .....................वडा अध्यक्ष भी.न.पा. ९
श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य
श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,
श्री सुमन सुनाम ...................... .कार्यपालिका सदस्य,
श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,
श्री गौरी थामी ........................... कार्यपालिका सदस्य,
श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,
श्री जमुना श्रेष्ठ .......................... कार्यपालिका सदस्य,
श्री किरण वली..................... . कार्यपालिका सदस्य,
श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत, बैठक ब्यबस्थापक

# <u>कार्यपालिकाको ७५ औ बैठकका प्रस्तावहरु</u>

**प्रस्ताव नं.** १ चालु आ.व. का आयोजना कार्यान्वयन र हालसम्मको प्रगति सम्वन्धमा

**प्रस्ताव नं.** २ जोखिम संबेदनशील भू:उपयोग योजनाको मस्यौदा सम्बन्धमा

**प्रस्ताव नं.** ३: भीमेश्वर नगरपालिकाको ११ औ नगर सभाको मिति र तयारी समिति गठन सम्बन्धमा

**प्रस्ताव नं.** ४: भीमेश्वर नगरपालिकाको २६ औ स्थापना दिवस समारोह तयारी समिति सम्बन्धमा

**प्रस्ताव नं.** ५: : स्थानीय सरकार सस्थागत स्वमुल्यांकन (LISA) सम्बन्धमा

**प्रस्ताव नं.** ६: विकेन्द्रीकृत जलप्रसोधन प्रणाली (DeWATS) परियोजनाको १५% बजेट ब्यबस्थापन
**प्रस्ताव नं.** ७ : सार्वजनिक निजी साझेदारीमा चिकित्साविज्ञान स्नातकतह कार्यक्रम संचालन सम्बन्धमा
**प्रस्ताव नं.** ८: चिकित्साशास्त्र अध्ययन प्रोत्साहन रकम उपलब्ध गराउने कार्यविधि सम्बन्धमा
**प्रस्ताव नं.** ९: भगिनी समबन्ध सम्बन्धमा

**प्रस्ताव नं. १०:** स्वीकृत योजना तथा बजेट संसोधन तथा रकमान्तर सम्बन्धमा

**प्रस्ताव नं. ११:** पखालाती स्नानगृहको साबिक सम्झौता भङ्गगरी निजि–साझेदारी अवधारणामा जाने

**प्रस्ताव नं. १२:** वडा नं.७ भुल्भुलेमा निर्माणाधीन औधोगिक ग्राममा बिधुतिकरण सम्बन्धमा

**प्रस्ताव नं. १३:** स्थानीय उद्योग दर्ता, संचालन, व्यवस्थापन र नियमन नियमावली, २०७८

**प्रस्ताव नं. १४:** बिबिध (क) बैंक काउन्टर र सहायक प्रशासनिक भवन उद्घाटन,

(ख) निर्णय अनुमोदन

**निर्णय नं १ :-** चालु आ.व. का आयोजना कार्यान्वयन प्रगति समीक्षा गर्दा सबै ठूला आयोजना ठेक्का बन्दोबस्त भईसकेका र उपभोक्ता समितिद्वारा कार्यान्वयन गरिने सबै आयोजना २०७८ माघ मसान्तभित्र कार्य सम्पन्न गर्ने लक्ष्य निर्धारण गरी कार्यान्वयनलाई तिब्रता दिने निर्णय गरियो ।

**निर्णय नं २**:- प्रस्ताव नं. माथि छलफल गर्दा तयार नेपालको प्राविधिक सहयोगमा सेवा प्रदायक जेनेसिस कन्सलट्यांटद्वारा प्रस्तुत गरिएको यस नगरपालिकाको जोखिम संबेदनशील भू:उपयोग योजनाको मस्यौदा माथि बिस्तृत रुपमा छलफल गरी फोकल पर्सनको संयोजकत्वमा प्रत्येक वडाका बिपद्जोखिम समिति सहित बिषयगत समितिका पदाधिकारीहरुसंग छलफल गरी आएको निष्कर्ष सहितको प्रतिवेदन पुन:कार्यपालिकामा प्रस्तुत गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३** :-भीमेश्वर नगरपालिकाको ११ औ नगर सभा मिति २०७८ पौष ३० गते दिनको ११:०० बजे भीमेश्वर सदनमा बस्ने गरी आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** प्रस्ताव नं.४ माथि छलफल गर्दा मिति २०७८/१०/११ गते भीमेश्वर नगरपालिकाको २६ औ स्थापना दिवस भव्यरुपमा मनाउन नगर प्रमुखज्यूको संयोजकत्वमा उपप्रमुख,प्रमुख प्रशासकीय अधिकृत, सबै वडा अध्यक्ष, कार्यपालिका तथा नगर सभा सदस्यहरु सदस्य रहेको ५१ सदस्य मूलसमारोह समिति गठन गर्ने निर्णय गरियो । साथै तपसिल बमोजिमका उपसमितिहरु समेत गठन गरी समारोह तयारी गर्ने /उप समितिहरुको आफ्नो कार्य विवरण आफै तय गरे बमोजिम हुने निर्णय गरियो ।

**<u>१) सम्मान तथा पुरस्कार सिफारिस उपसमिति</u>**

| | | |
|---|---|---|
| श्री कमला बस्नेत | नगर उपप्रमुख | संयोजक |
| श्री कैलाश कुमार श्रेष्ठ | वडा अध्यक्ष | सदस्य |

| | | |
|---|---|---|
| श्री गौरी थामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री रामजी थापा | ईन्जिनियर | सदस्य |
| श्री भविन्द्र थापा | सव ईन्जिनियर | सदस्य |

**विधाहरु**

- उत्कृष्ठ निर्माण व्यवसायी
- उत्कृष्ठ उपभोत्ता समिति
- उत्कृष्ठ करदाता
- उत्कृष्ठ संचारकर्मी
- उत्कृष्ठ राष्ट्रसेवक
- उत्कृष्ठ साझेदार संस्था/सहकारी

**२) अतिथि आमन्त्रण/सत्कार उपसमिति**

| | | |
|---|---|---|
| श्री भरत बहादुर के.सी. | नगर प्रमुख | संयोजक |
| श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री रुपा शाही भुजेल | कार्यपालिका सदस्य | सदस्य |
| ई. श्री सुरेश राउत | ईन्जिनियर | सदस्य |
| श्री माधव प्रसाद सुबेदी | प्रशासकीय अधिकृत | सदस्य |

(ललितपुर महानगरपालिका, जनकपुर उप महानगरपालिका, माननीय सांसदहरु, कार्यालय प्रमुख, संघ/संस्था, विद्यालय, संचारकर्मी)

**३) नगर सरसफाई तथा सजावट व्यवस्थापन**

| | | |
|---|---|---|
| श्री नविन कुमार लामा | वडा अध्यक्ष | संयोजक |
| श्री विराजमान श्रेष्ठ | वडा अध्यक्ष | सदस्य |
| श्री जमुना श्रेष्ठ | कार्यपालिका सदस्य | सदस्य |
| श्री ज्ञानु कुमार खड्का | आलेप अधिकृत | सदस्य |
| श्री मंगला मानन्धर | अधिकृत | सदस्य |

४) कार्यक्रम व्यवस्थापन (मन्च, फोटोग्राफी)

| | | |
|---|---|---|
| श्री हरिवंश चौलागाईं | वडा अध्यक्ष --- ६ | संयोजक |
| श्री तेज खाती | न्यायिक समिति सदस्य | सदस्य |
| श्री जगदीश अर्याल | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| श्री सुर्जा दाहाल | अधिकृत | सदस्य |
| श्री किरण दाहाल | सुचना प्रविधि अधिकृत | सदस्य |

**५) बजार व्यवस्थापन उपसमिति**

| | | |
|---|---|---|
| श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| श्री ज्ञानु कुमार खड्का | आलेप अधिकृत | सदस्य |
| श्री केदार प्रसाद घिमिरे | लेखापाल | सदस्य |
| श्री अर्जुन लामा | सामाजिक परिचालक | सदस्य |

**६) प्रकाशन/प्रतिवेदन उपसमिति**

| | | |
|---|---|---|
| श्री नारायण प्रसाद सेढाई | बरिष्ठ कार्यक्रम अधिकृत - | संयोजक |
| श्री उद्बव अधिकारी | प्रतिनिधि, द एसिया फाउन्डेसन - | सदस्य |
| श्री सुन्दर खड्का | मा.शि. | सदस्य |

**निर्णय नं. ५ :-** प्रस्ताव नं.४ माथि छलफल गर्दा स्थानीय सरकार सस्थागत स्वमुल्यांकन (LISA) सम्बन्धि अभिमुखीकरण कार्य कार्यपालिकामा सम्पन्न भयो ।

**निर्णय नं. ६** : प्रस्ताव नं.७ माथि छलफल गर्दा आ.व. ०७५/७६ र ०७६/७७ बाट स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम लगायतको बजेटविनियोजन भई यस नगरपालिकाको वडा नं. ६ स्थित हिमालयन ईन्स्टिच्युट अफ साईन्स एण्ड टेक्नोलोजी संस्था स्थापना गर्ने उदेश्यले विस्तृत परियोजना प्रतिवेदन र तीन तल्ले भवन तयार गरिएको छ । उक्त भवनमा आवश्यक कानुनी बन्दोबस्त गरी धुलिखेल अस्पताल सँगको साझेदारीमा चिकित्साशास्त्र तर्फका डिप्लोमा नर्सिङ, हेल्थ असिष्टेन्ट, रेडियोग्राफी लगायतका कक्षाहरु सञ्चालन गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो

**निर्णय नं.७** : प्रस्ताव नं.७ माथि छलफल गर्दा यस नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम चिकित्साशास्त्र अध्ययन प्रोत्साहन कार्यक्रमका लागि विनियोजित बजेटबाट भीमेश्वर नगरपालिका क्षेत्रका बिद्यालयमा अध्ययन गरी आ.व.०७७/७८ र ७८/७९ मा एम.बि.बि.एस. भर्ना भएका विधार्थीहरुलाई प्रोत्साहन स्वरूप प्रति विद्यार्थी रु १,००,०००/- (एकलाख ) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८**:- भीमेश्वर नगरपालिकाको मिति २०७८ बैशाख १५ गते बसेको ६८ औं कार्यपालिकाको बैठक निर्णय बमोजिम यस नगर क्षेत्र भित्रका स्थायी बसोबास गर्ने नागरिकहरुलाई कोभिड-१९ बाट २०७८ साल असार मसान्तभित्र संक्रमित भएमा पोषण खर्च बापत रु २ हजार, अन्यत्र रिफर गरेमा यातायात खर्च बापत बढीमा रु ८ हजार र उपचारको क्रममा मृत्यु बरण हुनु भएमा सामाजिक संस्कार बापत रु १५ हजार सहयोग स्वरूप उपलव्ध गराउदै आएकोमा कार्यालयमा प्राप्त निवेदनको आधारमा यहि २०७८ कार्तिक मसान्तसम्मका लागि निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा ऐतिहासिक, धार्मिक, पुरातात्विक एवम् सांस्कृतिक सम्पदायुक्त यस भीमेश्वर नगरपालिका र ललितपुर जिल्लाको ललितपुर महानगरपालिकाको समान विशेषता रहेको सन्दर्भमा दुई नगर वीचको सम्वन्ध र सहकार्यबाट पर्याप्त लाभ लिन सकिने विषयलाई मध्यनजर गर्दै भगिनी सम्वन्ध स्थापना गर्न प्रस्ताव गर्ने निर्णय गरियो।

**निर्णय नं १०** :- प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व.मा संचालन हुने वार्षिक स्वीकृत कार्यक्रमहरुमा नगरस्तरीय र वडास्तरीय कार्यक्रमहरु तपसिल बमोजिम संशोधन/रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | स्वीकृत योजनाको नाम र स्थान | विनियोजित रकम रु. | संशोधित/रकमान्तर योजनाको नाम र स्थान | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सि.नं. १०३, भीमेश्वर रंगशाला निर्माण, भीनपा ३ | ५,५०,००,०००/ | विकेन्द्रित फोहोरपानी प्रशोधन परियोजना (DEWATS) | १,५०,००,०००/ | नगरस्तरीय |
| २. | सि.नं. १३६, महामारी नियन्त्रण तथा परिक्षण कार्यक्रम | १५,००,०००/ | विपद व्यवस्थापन कोष | १०,००,०००/ | नगरस्तरीय |
| ३. | सि.नं. १००, वडा कार्यालय मर्मत | १५,००,०००/- | वडा कार्यालय मर्मत/निर्माण | ५,००,०००/- | नगरस्तरीय |
| | | | वडा कार्यालय मर्मत/निर्माण | १०,००,०००/- | नगरस्तरीय |
| ४. | माझको चौर खेलमैदान निर्माण, भीनपा ९ | ५,००,०००/- | टावरडाँडा मसाने पाटी निर्माण | २,००,०००/- | |
| | | | गुफाडाँडा मसाने पाटी निर्माण | ५०,०००/- | |
| | | | मनमोहन मार्ग स्तरोन्नति | ५०,०००/- | |
| | | | पशुपति मन्दिर निर्माण | २,००,०००/- | |
| ५. | दुध्मे - सुर्के सिंचाई, भीनपा ९ | १,००,०००/- | सिद्धदेवी मन्दिर निर्माण | १,००,०००/- | |
| ६. | सुर्के मावि खरिढुंगा खेलमैदान मर्मत तथा घेरावार, भीनपा, ९ | २,००,०००/- | सुर्के मावि खरिढुंगा चमेना गृह निर्माण | २,००,०००/- | |
| ७. | शिवमार्ग निर्माण, भीनपा ९ | ३,००,०००/- | शिवमार्ग निर्माण | ५,००,०००/- | |
| ८. | गैरीडाँडा सडकनिर्माण, भीनपा ९ | १,००,०००/- | | | |
| ९. | पानीको मूल पोखरे सडक, भीनपा ९ | १,००,०००/- | | | |
| १०. | टिमुर खेति भी.न.पा.४ | २,००,०००/- | (कृषि औजार) ट्र्याकटर अनुदान | २,००,०००/- | वडाको सिफारिस |

**निर्णय नं.११:-** भीमेश्वर नगरपालिका वडा नं. २ पाखलती स्थित यस नगरपालिकाको स्वामित्वमा रहेको पाखलती स्नान गृह ( व्यापारिक भवन ) मा यस नगरपालिकासंग व्यक्तिगत सम्झौता गरी भाडामा ब्यबसाय संचालन गरिरहेकोमा हाल नगरपालिकाले सार्वजनिक –निजी –साझेदारी ऐन तर्जुमा गरी सार्वजनिक –निजी –साझेदारी (PPP) अवधारणामा काम गर्ने नीति लिएकोले उक्त भवनमा ब्यबसाय गरीरहेका ब्यबसायीहरुलाई सम्झौता बमोजिमको समयसीमा दिई भवन

खालि गराउने र सार्वजनिक –निजी –साझेदारी (PPP) अवधारणामा सो भवन प्रयोग गर्न सार्वजनिक सुचना आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:-** समृद्ध नेपाल निर्माण गर्ने राष्ट्रिय लक्ष्य अनुरुप नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रलायासंगको साझेदारीमा यस नगरपालिकाको वडा नं. ७ भुलभुलेमा निर्माणाधीन औधोगिक ग्राममा पहिलो चरणको कार्य सम्पन्न भई औधोगिक ग्राम सन्चालन गर्नुपर्ने भएकोले औधोगिक ग्रामलाई संचालनमा ल्याउन अति आवश्यक पर्ने थ्रीफेज लाईन, ट्रान्सफर सहितको बिधुतसेवा बिस्तार गरिदिन नेपाल बिधुत प्राधिकरण दोलखा शाखामा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:-** प्रस्ताब नं. ५ माथि छलफल गर्दा स्थानीय उद्योग दर्ता, संचालन, व्यवस्थापन र नियमन ऐन २०७८को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी नगरपालिका क्षेत्रमा स्थापना हुने घरेलु उधोगहरुको दर्ता प्रक्रियालाई सरल बनाउन स्थानीय उद्योग दर्ता, संचालन, व्यवस्थापन र नियमन नियमावली २०७८, स्वीकृत गरी कार्यान्विनमा ल्याउने निर्णय गरियो ।

**बिबिध : १४.** (क) भीमेश्वर नगरपालिकाको स्थापना दिवसको अवसरमा मिति २०७८/१०/११ गते यस नगरपालिकाको सहायक प्रशासनिक भवनको उद्‌घाटन तथा नेपाल बैंकको काउन्टर सहितको एकीकृत सेवाको शुभारम्भ गर्ने निर्णय गरियो ।

(ख) नगर प्रमुख तथा उप प्रमुखको तोक आदेशमा सम्पन्न भएका तपशिलका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो

| | |
|---|---|
| १) सफल मार्ग (चिसापानी र जसमंते खण्ड) स्तरोन्नति, भीनपा ९ | रु ५०,०००/- |
| २) उर्मिला मार्ग (गोंग्राती काठे बिसौना खण्ड) स्तरोन्नति, भीनपा ९ | रु ७५,०००/- |
| ३) तिखातल सडक मर्मत सम्भार, भीनपा २ | रु २०,०००/- |
| ४) च्यासे च्यात्खोर ग्रामीण सडक निर्माण/मर्मत | रु १,००,०००/- |
| ५) सनराईज टोल भित्री बाटो स्तरोन्नती, भीनपा ३ | रु ५०,०००/- |
| ६) नेगल गाउँघर तथा खोप क्लिनिक भवन रंगरोगन भी.न.पा . २ | रु ३०,०००/- |

(ग) कार्यालयको पुर्व जानकारी बेगर कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी (हवल्दार) श्री दुर्गा प्रसाद चौलागाईलाई लिखित स्पष्टीकरण लिई आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरियो ।